# विज्ञप्ती

आज सिधा कुरा भन्ने सामाजिक संजालमा प्रसारित समाचारमा मेरो नाम जोडिएकोमा म आश्चर्यचकित र स्तब्ध भएको छु। मेरो करिब ४३ वर्षको न्यायिक यात्रा खुला पुस्तक जस्तै छ। जुन मुद्दाको प्रसङ्गमा मलाई जोडियो सो मुद्दामा म संलग्न थिइन भन्ने कुरा उक्त मुद्दामा भएको फैसलाले नै बोलेको छ। त्यति मात्र नभई जुन समयमा संवैधानिक इजलासबाट सो फैसला भयो सो अवधिमा मलाई संवैधानिक इजलासमा बिरलै राखिएको कुरा पनि स्पष्ट गर्दछु। साथै स्टिङ्ग अपरेशनमा संवैधानिक इजलासबाट फैसला भएपश्चात् मसहितको संयुक्त इजलासबाट गरिएका कैयौं फैसलाहरूले सो विषयमा मेरो न्यायिक धारणा व्यक्त गरेका छन्। उल्लिखित विषयमा मैले कसैलाई भेटेको वा कहीँ कतै उपस्थित रहेको भन्ने कुरा नै तथ्यहीन छ। यस्तो आधारहीन, झुठो र जनतामा भ्रम छर्ने कुत्सीत उद्देश्यबाट प्रसारित समाचारको म भर्त्सना गर्दछु।

आनन्दमोहन भट्टराई

न्यायाधीश

सर्वोच्च अदालत

मिति २०८१।०१।१४